का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ भदौ २०८१,
बिहीबार
12 September, 2024
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक २१२ । पृष्ठ ८ | Madhyanha Daily | www.madhyanhadaily.com

दुर्व्यसनीमा फसेकाहरू त्यसबाट बाहिर आउन सक्छन् भन्ने एक उदाहरण हुन्– झापाका विशाल भट्टराई । गलत संगतमा पुग्न नदिन समाज नै सचेत हुन अझ धेरै राम्रो हुने उनको अनुभव छ ।

# प्रेरणाका स्रोत विशाल





नार्कोननले दुर्व्यसनीलाई रोग नभनेर खराब बानीको रुपमा लिएर सुधार गर्ने गर्छ ।

■ **बसन्तराज कुँवर**
**कार्यकारी निर्देशक, नार्कोनन नेपाल**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २६ भदौ ।

अगाडि मान्छे देख्दा चिडचिडाहट, एक्लोपन प्यारो, हरेक रात अनिदो, खानाको सट्टा लागुऔषध, छटपटी, आफैंदेखि आजित र समाजदेखि त्रसित..., विशाल भट्टराईको आठ वर्ष पहिलको दैनिकी यस्तै थियो । कक्षा ६ बाटै चुरोट खान थालेका विशाललाई थाहा पनि थिएन आफू लागुऔषधको अम्मली हुन्छु भनेर । रमाइलो र आफू अरुको अगाडि 'हिरो' बन्न तान्न चुरोटको लतमा पुगेका विशाल गाँजा हुँदै ड्र्गससम्म पुगे । करिब ११ वर्ष दुर्व्यसनीमै रहे ।

हाल दुर्व्यसनीबाट मुक्त भएका विशाल सम्झिन्छन्, 'सानैबाट झगडा गर्दै हिड्ने, अरुको अगाडि स्मार्ट बन्न खोज्ने, चुरोट खाएपछि हिरो नै सोचिने अनि यस्तैबाट बानी पर्ने हो ।'

झापा घर भएका भट्टराई विद्यालयको पढाइमा राम्रै भएपनि आफ्नोभन्दा माथिल्लो कक्षाका छात्रहरुको संगतका कारण दुर्व्यसनीमा फसेको बताउँछन् ।

'स्मार्ट बन्न खोज्ने मात्र होइन, संगत पनि ठूला-बडाकै । राम्रोभन्दा पनि नराम्रो गरें भने सबैको नजर मैमाथि हुन्छ भन्ने मानसिकता । यस्तैमा स्कुलका सिनियर दाइहरुकै संगतमा लागेर आठ कक्षा पढ्दाबाटै गाँजा पनि खान थालेको थिएँ', उनले भने । एसएलसी दिँदासम्म गाँजाको लत नभएपनि त्यसपछि भने बानी नै परेको उनी बताउँछन् । 'दशसम्म पढ्दा अलिअलि गाँजा खाइन्थ्यो । गाँजा खान थालेपछि आफ्नो अवस्था झन्-झन् बिग्रदै गयो । त्यसपछि त नखाइ बस्नै नसकिने अवस्थामा पुगिहाले, लुकैरै खाने, कसैले देख्छ कि, थाहा पाउँछ कि भन्ने भन्ने डर उस्तै', विगत सम्झिँदै विशालले भने । यस्तो अवस्था बनिसक्दा पनि घरमा कसैलाई थाहा नभएको उनले बताए ।

पढाइको बाहानामै घरबाट निस्किएर समुह नै बनाएर गाँजा तानेको पनि उनलाई हिजो जस्तै लाग्छ ।

उनी भन्छन्, 'पढ्ने बेलामा पढाइको बहाना, काम गर्न थालेपछि कामको, जसरी हुन्छ समय निकाल्ने खाइहाल्ने । नखाइ केही गर्न नसकिने र काममा पनि ध्यान केन्द्रित नहुने ।'

पच्चिस वर्षको उमेरतिर कामका लागि इलाम जान पर्ने भएदेखि दुर्व्यसनीले ठूलो रुप लिएको पनि उनी बताउँछन् । उनी भन्छन्, 'घर झापा कामको लागि इलाम जानुपर्ने, घरबाट खाँदिन भनेर कसम खाएर निस्केपनि बिर्तामोड क्रस गरेपछि इलाम जानुपर्ने मान्छे सिधै काँकडभिट्टाको पानी ट्याङ्की हुँदै इन्डियाको नाका पुग्थे र ड्र्गस तान्न थाल्थें ।'

दुर्व्यसनीमा फसिसकेकाहरुका तीन प्रकारका मात्रै इच्छा हुने गरेको बताउँदै उनले भने, 'दुर्व्यसनीको बेला शारीरिक, मानसिक र वातावरणीय गरी तीन प्रकारका क्रेभिङ हुन्छन् ।'

शारीरिकमा लागुऔषध सेवन गर्न नपाए सुत्नै नसकिने, जीउ दुख्ने, छटपटी हुने, पसिना आउने, सिगान बग्ने र ज्वरो आउने जस्ता »» पृष्ठ २ मा

## सांसदहरूलाई सत्तारुढको ह्वीप
# उपत्यका नछाड्नू

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ भदौ ।

सत्तारुढ दलका सांसदहरूलाई काठमाडौं उपत्यका नछाड्न ह्वीप जारी भएको छ ।

उपसभामुख इन्दिरा राना मगरलाई हटाउने तयारीमा रहेका नेपाली कांग्रेस र नेकपा एमालेले आफ्ना पार्टीका सांसदहरूलाई आगामी असोज ३ गतेसम्म काठमाडौं उपत्यका नछाड्न ह्वीप लगाएका हुन् ।

> उपसभामुख इन्दिरा राना मागरलाई हटाउने तयारीमा रहेका नेपाली कांग्रेस र नेकपा एमालेले आफ्ना पार्टीका सांसदहरूलाई आगामी असोज ३ गतेसम्म काठमाडौं उपत्यका नछाइन ह्वीप लगाएका छन् ।

कांग्रेसले बुधबार आफ्ना सांसदलाई असोज ३ गतेसम्म उपत्यका नछाड्न निर्देशन दिएको हो । प्रमुख सचेतक श्याम घिमिरेले सांसदहरुलाई म्यासेज पठाएर असोज ३ गतेसम्म उपत्यका नछाड्न र उपत्यका बाहिर भए तुरुन्त आउन ह्वीप जारी गरेका हुन् ।

उपत्यका बाहिर भएकालाई उपत्यका आउन र बाहिर नजान भनिएको हो ।

उपसभामुख इन्दिरा राना मगरलाई हटाउन आचरणको प्रस्ताव दर्ता गर्ने तयारी कांग्रेस र एमालेको छ ।

यसअघि सरकारको नेतृत्वकर्ता दल एमालेले पनि आफ्ना सांसदलाई उपत्यका नछाड्न निर्देशन दिइसकेको छ । आचारणको प्रस्ताव पारित हुन दुई तिहाइ बहुमत चाहिने हुँदा उक्त संख्या पुर्याउने कोसिस दुई दलले गरिरहेका छन् ।

केही साना दलले समर्थन गरेको अवस्थामा सत्तारुढ दलहरूलाई दुई तिहाइ अर्थात् १८३ सांसद पुग्न सक्छ ।

कांग्रेसले संस्थागत रुपमै उपसभामुख रानाको राजीनामा मागेको छ । राजीनामा नदिए 'पदीय आचरण विपरीत कार्य' गरेको अभियोगसहित हटाउने प्रक्रिया थाल्ने कांग्रेसका पदाधिकारी र पूर्वपदाधिकारीहरूको निर्णय छ ।

एमाले नेताहरूले संसदबाटै राजीनामा मागेका छन् । »» पृष्ठ २ मा


## URGENT REQUIREMENT

**One of the reputed Foreign Employment Manpower Agency (Humble Hunters Nepal) in Nepal announces the vacany for the below given position. Well competent & Interested personnel are invited to submit their application via e-mail.**

| | | |
|---|---|---|
| 1. | Recruitment Administrator- | Salary=50,000 |
| 2. | H.R.- | Salary=40,000 |
| 3. | Recuitment Assistance- | Salary=30,000 |
| 4. | Accountant- | Salary=35,000 |

**Job Description: Recruitment Administrator**

**Position Overview:**
The Recruitment Administrator is responsible for managing the administrative aspects of the recruitment process. This includes handling job offers, employment agreements, visa applications, and other necessary documentation to ensure that all legal and procedural requirements are met for new hires.

**Key Responsibilities:**
1. Job Offer Management:
- Prepare and send out job offers to selected candidates.
- Ensure that all job offers are consistent with company policies and legal requirements.
2. Employment Agreement:
- Draft and manage employment agreements, ensuring accuracy and compliance with legal and personal data standards.
- Coordinate with relevant departments to gather necessary information for agreement preparation.
3. Document Submission:
- Handle the submission of documents to relevant authorities, such as the Employment Service (HZZ) and other government bodies.
- Ensure that all necessary documents are submitted on time and in the correct format.
4. Visa Application and Residence Registration:
- Assist candidates with visa applications and ensure that all required documents are prepared and submitted.
- Manage residence registration processes, ensuring compliance with local regulations.
5. Medical, Hygienic, and Sanitary Checks:
- Coordinate medical, hygienic, and sanitary checks and certificates for new hires as required.
- Ensure that all health-related documentation is complete and compliant with company and legal standards.
6. Documentation Management:
- Maintain accurate and up-to-date records of all recruitment-related documentation.
- Ensure that all documentation is filed properly and accessible when needed. It refers to worker training and certification programs, Diploma nostrification, Driving licenses, Code 95, Driver card.
- Work permit documentation & tax payments.

**Areas for Improvement:**
- Reduce Time to Close Legal and Bureaucratic Processes:
- Streamline the submission and processing of documents to reduce the time required for legal and bureaucratic procedures.
- Reduce the number of incomplete and incorrect documentation
- % of accomplished deadlines & closed processes for each employee

**Skills and Qualifications:**
- Bachelor's degree in Human Resources, Business Administration, or a related field.
- Proven experience in administrative roles, preferably within recruitment or HR.
- Strong organizational skills with the ability to manage multiple tasks simultaneously.
- Excellent attention to detail and accuracy.
- Familiarity with visa application processes and legal requirements related to employment.
- Proficiency in using office software and HR management systems.

**Guidance for Success:**
To be successful as a Recruitment Administrator, focus on maintaining accurate and timely documentation for all aspects of the recruitment process. Improve efficiency by identifying areas where legal and bureaucratic processes can be streamlined. Strong organizational skills and attention to detail will be essential in ensuring that all administrative tasks are handled smoothly and in compliance with regulations.

HUMBLE HUNTERS
Lic No- 1709/081/082
**HUMBLE HUNTERS NEPAL PVT. LTD.**
Tara Hall Chowk, Sinamangal, Kathmandu, Nepal
Tel: +977-1-5922347/5922348, Email-humblehuntersnepal@gmail.com


## वैदेशिक रोजगार विशेष

# विदेश पठाउने भन्दै ठगी गरेको आरोपमा कलाकार इकुसहित विभिन्न व्यक्ति पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ भदौ

प्रहरीले वैदेशिक रोजगारीका लागि यूएई, कुवेत, क्रोएसिया र क्यानडालगायतका देश पठाइदिन्छु भन्दै ठगी गरेको उजुरीका आधारमा कलाकार सुलेमान शंकर (इकु) सहित विभिन्न व्यक्तिलाई पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका अनुसार दुई जनालाई वैदेशिक रोजगारमा पठाइदिने भन्दै ८ लाख ४० हजार लिएर ठगी गरेको आरोपमा सुशान्त सिंह, तीन जनाबाट ७ लाख २० हजार लिएको आरोपमा सलाउद्दीन बेग र ८ लाख २५ हजार लिएर फरार भएको आरोपमा राजु दाहाललाई पक्राउ गरिएको छ । सिरहाका सिंहलाई कोटेश्वर, कपिलवस्तुका बेगलाई सिनामंगल र तेह्रथुमका दाहाललाई हात्तीगौंडाबाट पक्राउ गरिएको हो ।

उता नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) को टोलीले कलाकार भिसामा विदेश पठाइदिने भन्दै विभिन्न व्यक्तिसँग रकम ठगी गरेको अभियोगमा कलाकार सुलेमान शंकर (इकु) भनिने सूर्यमान शंकरलाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ परेका सूर्यमानले सांस्कृतिक कार्यक्रममा कलाकार भिसामा विभिन्न व्यक्तिलाई क्यानडा, अष्ट्रेलिया तथा युरोपेली देशमा लैजाने भन्दै लाखौं रकम ठगी गरेको अभियोगका आधारमा पक्राउ गरिएको सीआईबीका प्रवक्ता एवम् प्रहरी उपरीक्षक होविन्द्र बोगटीले जानकारी दिए ।

बोगटीले पक्राउ परेका सूर्यमानले नक्कली कागजात बनाउने, कलाकार भिसामा क्यानाडा, अष्ट्रेलिया तथा युरोपेली देशमा लैजाने भन्दै लाखौं रकम ठगी गरेको अभियोगमा पक्राउ गरिएको बताए ।

सूर्यमानले विदेश लैजाने भन्दै एक जनाबाट कम्तीमा पनि १५ देखि २० लाखसम्म उठाउने गरेको जानकारी आएकाले उक्त विषयमा थप अनुसन्धान भइरहेको प्रवक्ता एवम् प्रहरी »» पृष्ठ २ मा


## यूएईमा रोजगार

**AL SAHEL CONTRACTING COMPANY (ASCC) LLC**
KHALIFA JUMA AL NABOODA AND KHALID AL NABOODA & COMPANY
Dubai, UAE

पूर्व स्वीकृत मितिः २०८१/०५/२६ | चलानी नं.: ६०२२५१८७ | L.T. No.: 310632

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 75 | 0 | सम्बन्धित काममा दक्ष | 950 | ३४,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason Brick/plaster | 25 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 3. | Scaffolder | 30 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 4. | Steel Fixer | 25 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 5. | Shurting carpenter | 25 | 0 | | 1200 | ४३,८०० | | | | | | | |
| 6. | Wall Painter | 20 | 0 | | 1200 | ४३,८०० | | | | | | | |

प्रि-अन्तर्वार्ता जनकपुरमा २०८१ भदौ ३० गते (15 September 2024) मा हुनेछ ।
प्रि-अन्तर्वार्ता इटहरीमा २०८१ भदौ ३१ गते (16 September 2024) मा हुनेछ ।
प्रि-अन्तर्वार्ता बिर्तामोडमा २०८१ असोज १ र २ गते (17 & 18 September 2024) मा हुनेछ ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, इटहरीमा २०८१ असोज ३ गते (19 September 2024) मा हुनेछ ।
अन्तर्वार्ता राम जानकी ट्रेनिङ सेन्टर, जनकपुरमा २०८१ असोज ४ गते (20 September 2024) मा हुनेछ ।
अन्तर्वार्ता झापा टेक्निकल सेन्टर, बिर्तामोडमा २०८१ असोज ५ गते (21 September 2024) मा हुनेछ ।
अन्तर्वार्ता नाइल ट्रेनिङ सेन्टर, काठमाडौंमा २०८१ असोज ६ गते (22 September 2024) मा हुनेछ ।
अन्तर्वार्ता जनप्रिय ट्रेनिङ सेन्टर, पोखरामा २०८१ असोज ७ गते (23 September 2024) मा हुनेछ ।
अन्तर्वार्ता तिलोत्तमा ट्रेनिङ सेन्टर, बुटवलमा २०८१ असोज ८ गते (24 September 2024) मा हुनेछ ।
अन्तर्वार्ता नेपालगन्ज ट्रेनिङ सेन्टर, नेपालगन्जमा २०८१ असोज ९ गते (25 September 2024) मा हुनेछ ।

उमेर २० वर्षदेखि ४९ वर्षसम्म हुनुपर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**LEO INTERNATIONAL HR CONSULTANCY PVT.LTD.**
(साविक :Code Recruitment Services Pvt. Ltd.)
Govt. Lic. No.: 1596/079/080
Pipalbot Marg, Mid Baneshwor Height, Kathmandu, Phone No: 01-5912843, 5912844, 9801126842 | 9815900470 | 9802346214 | 9802346215 | 9802346216 | 9802346218 | 9801455714 | 9806069153 | 9851170711 | 9814166039 | E-mail : receptioncode00@gmail.com | Leointernationalhrcnp@gmail.com

# संविधान जारी हुनुमा नेम्वाङको भूमिका महत्वपूर्ण : प्रधानमन्त्री



**काठमाडौं/मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले ऐतिहासिक दोस्रो संविधानसभाबाट संविधान जारी गर्नमा संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङको भूमिका महत्वपूर्ण रहेको बताएका छन् ।

संविधानसभाका अध्यक्ष एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तत्कालीन उपाध्यक्ष नेम्वाङको प्रथम स्मृति दिवसमा बुधबार तुल्सीलाल स्मृति प्रतिष्ठान, च्यासलमा आयोजित स्मृतिसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री एवं एमाले अध्यक्ष ओलीले दिवङ्गत नेम्वाङ लोकतन्त्रको साँचो अनुयायी भएको बताए ।

दोस्रो संविधानसभा असफल हुन नदिन तथा संविधान जारी गर्नमा संविधानसभाका अध्यक्ष नेम्वाङको अत्यन्त महत्वपूर्ण र सकारात्मक भूमिका रहेको स्पष्ट गर्दै प्रधानमन्त्री ओलीले नेम्वाङले पदीय रूपमा मात्र नभई वैचारिक रूपमा पनि संविधानसभाको अध्यक्षता गरेको कुरा सधैं सम्झनामा रहिरहने बताए । उनले भने, 'नेम्वाङ योग्य कानुनविद्, संविधानविद्का साथै लोकतन्त्रको साँचो अनुयायी हुनुहुन्थ्यो । उहाँको निधनबाट परिवार र हाम्रो पार्टीलाई असाधारण क्षति पुगेको छ, देशले जनपक्षीय र देशभक्त व्यक्तित्व गुमाएको छ ।' अध्यक्ष ओलीले नेम्वाङका नाममा पार्टीले केन्द्रीय प्रतिष्ठान स्थापना गर्ने घोषणा गरे । उनले नेपालको परिवर्तनमा योगदान गरेका नेताहरूका नाममा स्थापना भएका र गरिने यस्ता प्रतिष्ठान ती नेताहरूका विचार, आदर्श, उहाँहरूले अँगाल्नुभएको बाटो, व्यवहार र आचरणअनुरुप चलाउनुपर्ने विचार व्यक्त गरे । प्रधानमन्त्री ओलीले नेम्वाङले देखाको आदर्श र उद्देश्य साकार पार्ने प्रण गर्दै उनीप्रति श्रद्धाञ्जली व्यक्त गरे ।

# विश्व हिन्दु महासंघले धार्मिक र्‍याली गर्दै




**काठमाडौं/मस**– विश्व हिन्दु महासंघले यहि भदौ २८ गते धार्मिक र्‍याली गर्ने भएको छ । र्‍याली शुक्रबार दिउँसो १ बजेबाट शुरू हुने महासंघकी कार्यकारी अध्यक्ष अस्मिता भण्डारीले जानकारी दिइन् । बुधबार आयोजित पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष भण्डारीले र्‍याली माइतीघर मण्डलाबाट शुरू भइ बानेश्वरको अल्फाबिटा पुगेर कोणसभामा परिणत हुने बताइन् ।

उनले हाल देशमा बढ्दो राजनीतिक अराजकताको कारणले गर्दा स्थायी शान्ति कायम हुन नसकेको भन्दै लोकतान्त्रिक भनिएको संविधानबाट समग्र नेपाली जनता, ८१ प्रतिशतभन्दा बढी हिन्दु धर्मावलम्बी र ९४ प्रतिशतभन्दा बढी ॐ कार परिवारले अपनत्व महसुस गर्न नसकेको बताउँदै आपत्ति जनाइन् । यसकारण संविधान जारी हुँदादेखि नै विश्व हिन्दु महासंघले धर्म निरपेक्ष संविधानको चर्को विरोध गर्दै आएको जानकारी दिँदै उनले हालै बनेको सरकारको प्रमुख मुद्दा नै दुई ठूला पार्टीहरू मिलेर संविधान संशोधन गर्ने रहेकाले देशमा धार्मिक-सांस्कृतिक अतिक्रमणका समस्याहरू गम्भीर रूपमा बढेर गएकाले त्यसलाई सम्बोधन गर्न सरकारलाई आग्रह गरिन् । उनले भनिन्,'धर्मान्तरण बढेको छ । बसुधैव कुटुम्बकमको उच्च आदर्श बोकेको वैदिक सनातन धर्मलाई क्षति पुऱ्याउन र नेपालीको मौलिक कला, संस्कृति, पहिचान र राष्ट्रिय एकतालाई खण्डित गर्न अवाञ्छित गतिविधिहरू दिनानुदिन बढिरहेका छन् । यसै सन्दर्भमा विश्व हिन्दु महासंघले एक धार्मिक र्‍यालीको आयोजना गरी हिन्दु ॐकार परिवार एकजुट भइ नेपाल सरकारको ध्यानाकर्षण गराइ संविधान संशोधन गरी हिन्दु अधिराज्य पुनर्स्थापनाका लागि दबाब दिने निर्णय गरेका छौं ।'

यसैगरी, सम्मेलनमा बोल्दै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का सांसद धवल शमशेर जवराले पनि धर्मान्तरणको विषयमा सरकार गम्भीर भएर लाग्नुपर्नेमा जोड दिए । आफूले पनि हिन्दु अधिराज्य स्थापनाका लागि पटक-पटक संसदमा बोल्दै आएपनि त्यसको सुनुवाइ नभएका कारण महासंघसँग मिलेर हिन्दु अधिराज्य पुनर्स्थापनाका लागि राप्रपा पनि सडकमा उत्रिन बाध्य भएको औंल्याए । उनले भने, 'राष्ट्रको प्रगति र उन्नतिको लागि धर्म पुनर्स्थापना गर्न खोजेको हौं । यो मुद्दाले जबसम्म सम्बोधन पाउँदैन तबसम्म राप्रपा पनि चुप बस्दैन ।' साथै उनले समयमै सनातनीहरूको माग सम्बोधन नभए यस अभियानले उग्ररूप लिने चेतावनी पनि दिए ।

सम्मेलनमा अध्यक्ष भण्डारी, सांसद जवरासहित, महासंघको राष्ट्रिय समितिका उपसभापति अरूण पाण्डे, महासंघका धार्मिक क्षेत्रको समन्वयकर्ता लिलानाथ चौलागाईं लगायत विभिन्न संस्थाका सदस्यहरूका साथै सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

**प्रेरणाका...**

लक्षण देखिने उनले बताए । साथै, मानसिकतामा लागुऔषधको याद आउने, अरुले त्यसकै बारेमा कुरा गरेको सुन्दा पनि खाउँ-खाउँ लाग्ने र वातावरणीयमा कहीकतै देखे वा अरुले खाएको देख्दा पनि खान मन लाग्ने जस्ता लक्षणहरु हुने गरेको उनको भनाइ थियो । त्यस बेला उनका पनि यी तीन वटै इच्छा थिए ।

यसपश्चात् शारीरिकरुपमा पनि लक्षण देखिन थालेकाले सबैले दुर्व्यसनीमा फसेको थाहा पाएको उनको भनाइ थियो । उनले भने, 'चौबिस/पच्चिस वर्षको हुँदासम्म चुरोट र गाँजामै सीमित थिए । त्यसपछि विभिन्न किसिमका केमिकल प्रयोग गर्न थाले, रक्सी पनि खाने, ब्राउन सुगर तान्न थाले अनि उठ्नै नसक्ने अवस्थामा पुगे, शरीर डुब्लो, अनुहार पनि कालो ।'

आफू यो अवस्थाबाट करिब दुई वर्ष गुज्रिएको उनी बताउँछन् । सो समयमा आफ्नो बुबाबाट पाएको साथले आफू विगत छ वर्षदेखि दुर्व्यसनमा फसेकाहरुको पुनर्स्थापनाका लागि सञ्चालनमा रहेको 'नार्कोनन नेपाल' नामक संस्थामा कार्यरत रहेको पनि उनले बताए । 'घरमा बुबा, आमा, दाइ र भाइ । मेरो अवस्था देखेर सबै तनाबमा । घरमै सुधार्न सकिन्छ कि भनेर सम्झाउनुहुन्थ्यो । तर म नसा गर्न नपाएर छटपटिन्थे, रिसाउँथे, झगडा गर्थें । सबैसँगको सम्बन्ध पनि लगभग बिग्रि सक्याथ्यो । बुबाले भने कसरी हुन्छ सुधार्नै पर्छ भनेर दुर्व्यसनीबाट मुक्त हुने कुराहरुको खोजी गर्नुहुन्थ्यो', पश्चातापपूर्ण बोलीमा विशालले भने ।

यसैक्रममा उनका बुबाले काठमाडौंको बूढानीलकण्ठस्थित हात्तिगौंडामा रहेको नार्कोननमा ल्याएर आफूलाई भर्ना गरेको उनी बताउँछन् । नार्कोननमा भर्ना भएको दुई वर्ष पछि आफू पूर्ण रुपमा दुर्व्यसनी मुक्त भएको उनले बताए । 'शारीरिक रुपमा त दुई महिनामै दुर्व्यसनी मुक्त भइसकेको थिए । तर मानसिक रुपमा ठिक भए म भन्ने महसुस हुन दुई वर्ष लाग्यो', उनले खुसी साटे ।

दुर्व्यसनीको अवस्थाबाट बाहिर निस्किएपछि नार्कोननले अन्य दुर्व्यसनीमा फसेकाहरुको अवस्था सुधारका लागि लिन पठाउने गरेको पनि उनको भनाइ छ । 'दुई वर्ष जति पुग्दै थियो । गुरुहरुसँग (थेरापिस्टहरु) एउटा भाइलाई लिन धरान गाथ्यौं । भाइलाई लिएर आउँदा ऊ बसेको कोठामा ब्राउन सुगर रैछ । अरु बेला गुरुबाहरुले नै समाउनुहुन्थ्यो त्यस्तो चिजहरु । त्यो दिन मैले आफै टिपे र खल्तिमा हाले । तर धरानबाट भक्तपुर पुग्दासम्म मेरो खल्तीमा ब्राउन सुगर छ भन्ने याद पनि भएन । त्यसपछि याद आयो र मैले झिकेर गुरुबालाई दिए । त्यो दिनको बेलुका फिल गरें, साच्चै दुर्व्यसनीबाट मुक्त भएछु भन्ने', आफ्नो पृष्ठभूमि सुनाए उनले ।

विशाल अहिले नार्कोननमै रहेर दुर्व्यसनीमा फसेकाहरुलाई उपचार गराउनुका साथै दुर्व्यसनीको विषयमा जनचेतना पनि फैलाइरहेका छन् ।

यस्तैमा दुर्व्यसनी खराब बानीबाट शुरु हुने भएकाले यसलाई आफूमा लागू नगर्न सबैमा उनको आग्रह पनि छ । साथै हालको परिवेशमा नसाजन्य चिजबस्तुहरुको किनबेच सरल रुपमा भइरहेकाले र सामाजिक सञ्जालहरुका कारण पनि लागुऔषधको दुष्प्रचार भइरहेकाले सानै उमेरमा कुलतमा फस्नेहरुको संख्या बढिरहेको उनको भनाइ छ । यसलाई रोक्न विद्यालय स्तरमा नै दुर्व्यसनीका पाठ्यक्रमहरु समावेश गराइनुपर्नेमा र अभिभावकहरुले पनि बढीभन्दा बढी समय आफ्ना नानीबाबुहरुलाई दिनुपर्नेमा उनको जोड छ । नार्कोनन नेपालका कार्यकारी निर्देशक बसन्त राज कुँवर दुर्व्यसनीलाई विश्वका अधिकांश व्यक्तिहरुले रोगको उपमा दिएकोप्रति आपत्ति जनाउँदै भन्छन्, 'कतिपयले ड्रग्स लिनेहरुलाई थुन्नु पर्छ, मार्नु पर्छ, सुध्रिन्नन् ड्रग्स खान दिनुपर्छ, मानसिक रोगी हुन्, आफूलाई नि हानी गर्छन् अरुलाई पनि भनेका छन् । तर नार्कोननले यसलाई रोग नभनी खराब बानीको रुपमा लिएर दुर्व्यसनीमा फसेकाहरुलाई सुधार गर्ने गर्छ ।'

दुर्व्यसनीको चक्र लामो भयो भने त्यसलाई सुधार गर्न नसकिने पनि उनको भनाइ थियो । त्यस्तो अवस्था आए स्वास्थ्य बिग्रिने, औसतमा दश वर्षमा मृत्यु, पढाइ, करियर र पारिवारिक जीवन सकिनुका साथै सामाजिक मर्यादा समेत समाप्त हुने उनले औंल्याए । त्यसकारण त्यस्तो हुन नदिन दुर्व्यसनीमा फसेकाहरुलाई ल्याई शुरुमा बानीमा नियन्त्रण गर्न सिकाउने, त्यसपश्चात् शरिरमा रहेको नसाजन्य वस्तु निकालि आफूलाई सन्तुलनमा राख्न सिकाउने र विस्तारै जीवनको औचित्यबार सम्झाएर, अध्यापन गराएर सुधार गरिने गरेको उनले बताए ।

साथै लागुऔषधको व्यापार वैधानिक, नियन्त्रित र अवैधानिक गरी तीन तरिकाबाट हुने गरेको बताउँदै कुँवरले भने, 'वैधानिकरुपमा बेच्दा पैसा त कमाइने भो तर प्रतिस्पर्धा हुने भयो । नियन्त्रितमा डाक्टरले लेखेपछि खानेमा अलि बढी पैसा जाने भो तर अवैधानिकमा जति पैसा भनेपनि भयो । त्यसकारण यसका व्यापारीहरुले कुन उमेर समूहका व्यक्तिहरुलाई कुलतमा फसाउन सजिलो छ भनेर खोजीनीति गर्छन् । गाँजा र चरेसका लागि आठदेखि चौध उमेरकाहरुलाई र रक्सी २४ वर्षभन्दा माथिकाहरुलाई टारगेट गर्छन् ।

यस्तै उनले नार्कोनन दुर्व्यसनीको सुधार र पुनर्स्थापना गर्ने विश्वविद्यालय रहेको बताउँदै भने, 'यता तीन थरी मान्छे आउँछन्, एउटा दुर्व्यसनीको विषयमा विज्ञ हुन चाहने, दोस्रोमा दुर्व्यसनी नियन्त्रण गर्न सिकेर सुधार केन्द्र खोल्छु भन्ने र अर्का आफूलाई सुधार्न चाहने ।'

**सांसदहरूलाई...**

उपसभामुख रानामगरले २०२३ को फेब्रअरीको संयुक्त राष्ट्रसंघको 'कमिसन अन द स्टाटस अफ वुमेन' को ६७ औं सत्रमा जान लागेको भन्दै आफूहरुको भिसा अन्तर्वार्ता छिटो गरिदिन अमेरिकी दूताबासलाई पत्र लेखेकी थिइन् । उक्त पत्र लेख्नुलाई पदको दुरूपयोग गरेको रुपमा कांग्रेसले राजीनामा मागेको हो ।

अब पनि उपसभामुखले राजीनामा नदिए संसदीय प्रक्रिया अनुसार पदमुक्त गर्ने कांग्रेस र एमालेका नेताहरु बताउँछन् ।

नागरिक उन्मुक्ति लगायतका दलले उपसभामुख हटाउने पक्षमा मत दिने कांग्रेस र एमालेको बुझाइ छ । २७५ सदस्यीय प्रतिनिधि सभामा दुई तिहाइका लागि १८३ मत आवश्यक पर्दछ ।

संविधानको धारा ९१ को उपधारा ६ को (ग) मा उपसभामुखले पद अनुकूल आचरण नगरेको भन्ने प्रस्ताव प्रतिनिधि सभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट पारित भएमा उपसभामुख पद रिक्त हुने व्यवस्था छ । प्रतिनिधि सभाका एक चौंथाइ सांसदले प्रस्ताव प्रस्ताव दर्ता गर्न सक्छन् । विपक्षी दलहरूले भने विरोध गरेका छन् । नेकपा एकीकृत समाजवादीले उपसभामुख रानामगरको पक्षमा उभिने निर्णय नै गरेको छ । केन्द्रीय कार्यालय आलोकनगरमा बुधबार बसेको स्थायी समिति बैठकले सत्तारुढ दलहरुले उपसभामुख रानामगरलाई हटाउन लागेकाले त्यसविरुद्ध उभिने निर्णय गरेको हो ।

**विदेश...**

उपरीक्षक बोगटीले बताए । पक्राउ परेका कलाकार सूर्यमानलाई बुधबार जिल्ला अदालत काठमाडौंमा उपस्थित गराइ सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको सीआईबीले जनाएको छ ।

**युएईमा रोजगार** | कम्पनीः PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C. शहर : UAE

पूर्व स्वीकृत मितिः २०८१/०५/२६ चलानी नं.: ६०२२५१९६ LT. No.: 310614

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 200 | 0 | स. काममा दक्ष | 800 | २९,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ३ गते (19 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

साथै यसै कम्पनीको लागि Forklift, Oprater, Jcv Oprater, Carpenter, Masson को पनि माग भइआएको हुँदा जान इच्छुकले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Good Luck
Gov. Lic. No. 1357/074/075
**Good Luck International Manpower Pvt. Ltd.**
ठेगानाः City Square को पछाडी, सामाखुसी, काठमाडौं Tel: 01-4989404
Mob: 9851326295 / 9851326291 / 9851326293 / 9851326294 / 9851326296 / 9851326297 / 9851326298 / 9851326180 / 9851326280 | Web.: www.manpowersnepal.com
E-mail: ceogoodluckinternational@gmail.com, paneru2005@gmail.com, goodluckinternational01@gmail.com
WhatsApp No. +977 9851326280 मार्फत विश्वभरबाट सम्पर्क गर्न सकिनेछ ।

**UAE मा रोजगार** | कम्पनीः PARAGON EMPLOYMENT SERVICES L.L.C शहरः UAE

पूर्व स्वीकृत मितिः २०८१/०५/२६ चलानी नं.: ६०२२५१८३ LT. No.: 310573

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 200 | 0 | स. काममा दक्ष | 800 | २९,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ३ गते (19 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Confident International Manpower Pvt. Ltd.
Govt. Lic. No. 1423/074/075
**Confident International Manpower Pvt. Ltd.**
Address: Sinamangal- 09, Kathmandu | Tel: 01- 5918957,5918958
E-mail: doc.confident@gmail.com, Web.: confidentmanpower.com
Kathmandu :9848070440 | 9801969508 | 9851006270 | 9816031070, Pokhara: 9856067908, Janakpur-9818022236,9801670606.

## बेथानचोक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**ढुंखर्क, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल**

### आन्तरिक आय संकलन सम्वन्धि शिलबन्दि बोलपत्र आव्हानको सूचना

**चौथो पटक सूचना प्रकाशित मिति २०८१/०५/२७**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २(घ)६, दफा ६२ क, बागमती प्रदेश सरकारको आर्थिक ऐन २०८० को अनुसूची ५ मा तोकिएको दररेट बमोजिम यस गाउँ कार्यपालिकाबाट आ.व. २०८१/०८२ (२०८१ असोज २० गते देखि २०८२ आषाढ मसान्त सम्मको) लागि देहाय बमोजिमको आन्तरिक आय सम्वन्धी ठेक्का E-Bidding मार्फत बन्दोवस्त गर्नु पर्ने भएकाले गाउँपालिकाले तोकिएको दर रेटमा स्विकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन **(IEE)** मा उल्लेखित अनुमती स्वीकृती प्राप्त खानी क्षेत्रहरुबाट स्विकृत परिमाण भन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुंगा, ग्रावेल र माटो विक्रि एवं श्रोत उपयोग कर संकलनको ठेक्का लिन ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र Electronic Bid Submission मार्फत शिलबन्दी बोलपत्र आह्वानको लागि सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

| क्र. सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | तोकिएको अवधिको लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी/ जमानत रकम | स्वीकृत दर रेट: माल बस्तुको नाम | इकाई | करको दर रु (मु.अ.कर.बाहेक) |
|---|---|---|---|---|---|---|---|---|
| १ | BRM/IR/ 081/082 | बेथानचोक गाउँपालिका क्षेत्र भित्रका खानी उत्खनन् तथा उत्पादन हुने (ढुंगा, रोडा, गिट्टि, ग्राभेल, बेस, माटो, चिप्स, डस्ट आदी) को बिक्रि/श्रोत उपयोग शुल्क | ९,६२,००,०००.०० | १०,०००.०० | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | रोडा | प्रति घन फिट | रु ९.०० |
| | | | | | | स्लेट | प्रति वर्ग फिट | रु ९.०० |
| | | | | | | ढुंगा, ग्राभेल,चिप्स, बेस लगायत अन्य सोहि प्रकृतीका सामान | प्रति घन फिट | रु ९.०० |
| | | | | | | माटो, डस्ट लगायत सोहि प्रकृतिका अन्य | प्रति घन फिट | रु ३.५० |

**ठेक्का सम्वन्धि शर्तहरु :**

१. माथि उल्लेखित विषयको लागि बोलपत्र फाराम भरि Electronic Bid Submission मार्फत बुझाउनु पर्नेछ ।
२. बोलपत्र फाराम खरिदको लागि अद्यावधिक फर्म दर्ता एवं अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपी, मु.अ.कर दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, बेथानचोक गाउँपालिकाको नाममा ग्लोबल आइएमई बैंक बेथानचोक शाखाको आन्तरिक राजश्व खाता नं. **१२२०४०१०००००५**, राजश्व **शिर्षक नं. १४२२९** मा रकम जम्मा गरेको भौचर संलग्न गरि PPMO को बेवसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०८१/०६/४ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत पेश गर्न सकिनेछ ।
३. खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी मिति : २०८१/०६/०४ को १२:०० बजे भित्र PPMO को बेवसाईट www.bolpatra.gov.np/egp बाट Bid Document खरिद गरि मिति २०८१/०६/०४ गते दिनको १२:०० बजे सम्म E-bidding मार्फत दर्ता गर्नु पर्नेछ । दर्ता हुन आएका बोलपत्रहरु मिति २०८१/०६/०४ गते दिनको १:०० बजे पछि यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधीहरु र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बेलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।
४. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको मु.अ.कर सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको **ग्लोवल आई एम.ई बैंक, ढुंखर्क शाखा, काभ्रेपलाञ्चोकमा** रहेको धरौटी खाता नं. **१२२०१०१००००२०** मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १८० (एक सय असी) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कलै बैंक जमानी पत्र (Bank Bid Bond) अनिवार्य रुपमा समावेश गर्नु पर्नेछ ।
५. बोलपत्र भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।
६. बोलपत्र स्वीकृत सम्वन्धी जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कबोल अंकको २५ प्रतिशत रकम (मु.अ.कर समेत) रकम बैक दाखिला गरि तथा बाँकी रकमको कार्य सम्पादन जमानतपत्र सहित सम्झौता गर्न आउनु पर्नेछ ।
७. ठेकेदारले सम्झौतामा तोकिएको विषय क्षेत्रमा बोलपत्र फाराम साथ संलग्न दर रेट बमोजिम मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ । कर तथा सेवा शुल्कको दररेट बोलपत्र फाराम साथ उपलव्ध गराईनेछ । साथै रकम संकलन केन्द्रमा शुल्क तथा दस्तुरको दर रेट सहितको सूचनाको साईनबोर्ड राख्नु पर्नेछ ।
८. यस सूचनामा उल्लेख भए बमोजिम नेपाल सरकार/दातृ निकायद्वारा सञ्चालन हुने विकास आयोजनाहरुको लागी प्रयोग हुने निर्माणजन्य सामाग्रीको विक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत **IEE** को परिधि भित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा बेथानचोक गाउँपालिकाले सम्वन्धित आयोजनाबाट विक्रि मूल्य असुल गर्नेछ ।
९. स्वीकृत ठेक्काको ठेक्का किस्ता मु.अ.कर सहित देहाय बमोजिम भुक्तानी गर्नुपर्नेछ ।

| क्र.सं. | किस्ता | किस्ता बुझाउने समय | क्र.सं. | किस्ता | किस्ता बुझाउने समय | किस्ता बापतको रकम |
|---|---|---|---|---|---|---|
| १ | प्रथम | सम्झौताका वखत | ३ | तेस्रो | फागुन मसान्त सम्ममा | सम्पूर्ण किस्ताको भार समान कवोल रकमको २५ प्रतिशत |
| २ | दोस्रो | मंसिर मसान्त सम्ममा | ४ | अन्तिम | जेष्ठ मसान्त सम्ममा | |

१०. तोकिएको अवधि भित्र किस्ता रकम प्राप्त हुन नआएमा सम्झौता गर्दा कार्यालयको नाममा जारी भएको बैंक कार्यसम्पादन जमानतबाट सम्झौता बमोजिमको रकम असुल उपर गरिनेछ । सो सम्बन्धमा ठेक्का लिने पक्षको कुनै उजुर बाजुर लाग्ने छैन ।
११. ठेकेदार र कार्यालय बीचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न बेथानचोक गाउँपालिकाले निर्णय गर्नेछ ।
१२. सेवा शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन । साथै, प्रचलित कानून बमोजिम तिर्नुपर्ने सम्पूर्ण करहरु ठेकेदार स्वयंले बुझाउनु पर्नेछ । मुल्य अभिबृद्धि कर बापतको रकम किस्ता रकम संगै यस कार्यालयमा बुझाउनु पर्नेछ ।
१३. अनुगमन समितिले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्वाही हुनेछ ।
१४. जुन आर्थिक वर्षको लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो सो क्षेत्रबाट उठाई सक्नु पर्नेछ ।
१५. ढुंगा, गिट्टी, बालुवा ग्राभेल लैजाँदा Covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ ।
१६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१७. नेपाल सरकारबाट जारी ढुंगा गिट्टी तथा बालुवा उत्खनन तथा विक्री व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ मा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नु गराउनु पर्नेछ ।
१८. यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# ‘रेफर सेन्टर’ बन्दै सप्तरीका अस्पताल




**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २६ भदौ

सप्तरीका नागरिकले भरपर्दो स्वास्थ्यसेवा नपाउँदा उपचारका लागि बाहिरी जिल्ला जानुपर्ने बाध्यता रहेको छ। यहाँका स्वास्थ्य संस्थामा चरम लापरबाही, दक्ष जनशक्तिको अभाव र संशाधनको समस्याबाट गुज्रिएका कारण अस्पतालहरु ‘रेफर सेन्टर’का रुपमा परिणत हुन थालेका छन् । जिल्लामा स्वास्थ्य सेवा नपाउँदा धरान र विराटनगरका स्वास्थ्य संस्थामाथि निर्भर हुनुपरेको यहाँका नागरिकहरु बताउँछन्, तर यसप्रति राज्य भने गम्भीर नभइ उदासीन रहँदै आएको उनीहरूको गुनासो छ ।

यहाँका स्वास्थ्य संस्थाको चरम लापरबाहीका कारण सामान्य बिरामीको समेत मृत्यु हुने गरेको छ। जसका कारण अस्पताल नै तनावग्रस्त हुने गरेको छ । त्यसबाट उत्पन्न असहज परिस्थितिलाई साम्य बनाउन छानबिन, क्षतिपूर्ति र दोषीमाथि कारबाहीको आश्वासन दिइ ढाकछोप गरिरहेको आरोप समेत लाग्ने गरेको छ ।

### हप्तामै दुई जनाको निधन

जिल्ला अस्पतालको लापरबाहीबाट हप्ता दिन नबित्दै दुई जनाको मृत्यु भएको छ। गजेन्द्रनारायण सिंह अस्पतालमा यहि भदौ २१ गते एक युवकको मृत्यु भएको छ भने भदौ २६ गते हनुमाननगर कंकालनी नगरपालिका-१ मा रहेको भारदह अस्पतालमा ३ वर्षीय बालकको मृत्यु भएको छ । यी घटनाहरुमा अस्पतालको चरम लापरबाही रहेको पीडितपक्षले आरोप लगाउँदै आएका छन् ।

यसले सप्तरीमा भरपर्दो स्वास्थ्यसेवा पाउने अवस्था नरहेको यथार्थलाई छर्लङ्ग पारिदिएको छ ।

विष्णुपुर गाउँपालिका-४ बस्ने २२ वर्षीय मनिर मियाँको गजेन्द्रनारायण सिंह अस्पतालमा कार्यरत चिकित्सकको लापरबाहीले ज्यान गुमाएको परिवारले आरोप लगाउँदै आएका छन् । मुटुको समस्या लिएर भर्ना भएका मियाँलाई अस्पतालको लापरबाहीबाट ज्यान गएको परिवारको आरोप छ । अञ्चल स्तरीय अस्पतालको रुपमा विकसित भएको यो अस्पताल पछिल्लो समय ‘रेफर सेन्टर’ मा परिणत भइरहेको गुनासो बढ्दै गएको छ। करिब आधा दर्जन बढी स्त्रीरोग तथा प्रसूती विशेषज्ञ चिकित्सकहरुका बाबजुंद बिरलै सेवाग्राहीहरु यो अस्पतालबाट सेवा पाइरहेको अवस्था छ ।

गत हप्ता हनुमाननगर कंकालनी नगरपालिकास्थित टिकुलियाकी २५ वर्षीया मनिता मुखिया प्रसव गराउन यस अस्पतालमा भर्ना भएको एक घण्टा नबित्दै रेफर गरिएको थियो । ड्युटीमा रहेकी चिकित्सक जयन्ती यादवले यहाँ सुविधा नरहेको बताउँदै रेफर गरेको पारिवारिक स्रोतले बताएको छ ।

त्यस्तै, गत मंगलबार बिहान भारदह अस्पतालको लापरबाहीबाट कन्चनरुप नगरपालिका-८ महादेवपट्टी बस्ने ३ वर्षीय हमजा शेखको मृत्यु भयो । उनको अस्पतालकै लापरबाहीले मृत्यु भएको आरोप लागेको छ । बाल विशेषज्ञको अभाव रहँदासमेत निजी खर्चमा प्रयोगशाला जाँच र औषधि खरिद गराउने प्रलोभनमा बालकलाई अस्पताल मैले राख्न चिकित्सकले हदैसम्मको लापरबाही देखाएको आरोप लागेको हो। ज्वरोको समस्या लिएर आएको बालकलाई रातभर रेफर गर्न आग्रह गर्दासमेत चिकित्सकले ढाँटछल गरी बस्न लगाएको आरोप लागेको छ।

पाँचसय एमजीसम्मको इन्जेक्सन लगाएर बिरामी बिगारेका चिकित्सकले मृत्युपछि आरोपबाट बच्न हतार-हतारमा रेफर गरिएको पारिवारिक स्रोतले बताएको छ। पारिवारि स्रोतले भन्यो, ‘चिकित्सकले मृत बालकलाई अस्पतालको एम्बुलेन्समा राखी पठाउन लगाए, ताकि अस्पतालमाथि आरोप नआओस् ।’

बालक शेखको मृत्युपछि आक्रोशित आफन्तलाई साम्य बनाउन उक्त नगरपालिकाको नगरप्रमुख बिरेन्द्र माझीको अध्यक्षता वार्ता गरी छानविन समितिको नाममा ढाकछोप गरे ।

सप्तरीको स्वास्थ्यसंस्थाहरु प्रभावकारी सेवा दिन नसक्दा सेवाग्राहीहरु चिन्तित हुन थालेको छ । उनीहरूले बाहिर गएर महंगो स्वास्थ्यसेवा लिन बाध्य रहेतापनि सम्बन्धित निकाय गम्भीर हुन सकेको छैन । जसले सप्तरीबाट उपचार खर्चका नाममा करोडौं रुपैयाँ बाहिर गइरहेको छ। यहाँका स्वास्थ्यक्षेत्रलाई चुनावी नारा बनाउने जनप्रतिनिधिहरुसमेत निरीह जस्तै देखिएका छन् ।

### अझै पाएनन् क्षतिपूर्ति

नगर अस्पताल कञ्चनपुरको लापरबाहीबाट मृत्यु भएका युवकको परिवारले अहिलेसम्म क्षतिपूर्ति पाएका छैनन् । त्यसबाट विकसित असहज परिस्थितिलाई साम्य पार्न क्षतिपूर्ति र दोषीमाथि कारबाही गर्ने आश्वासन दिएपनि नगरपालिका अहिले पन्छिन खोजिरहेका छन् ।

जिल्लाको सप्तकोसी नगरपालिका-९ बस्ने रामदेव खंगको १९ वर्षीय छोरा ओमप्रकाश खंगको उपचारक्रममा उक्त अस्पतालमा २०८० साउन १४ गते मृत्यु भएका थिए। युवकको मृत्युका कारण अस्पतालको लापरबाही भएको बताउँदै स्थानीयहरु आक्रोशित हुँदै आन्दोलनमा उत्रिएका थिए ।

आन्दोलनकारीलाई नियन्त्रणमा लिन प्रहरीले कयौं राउन्ड हवाई फायर र जिल्ला प्रहरी कार्यालयबाट टोली खटाइएको थियो । मृत्युपछि विकसित परिस्थितिलाई सामसुम पार्न नगरपालिका र आन्दोलनरत पक्षबीच मिति २०८० साउन १५ गते ईलाका प्रहरी कार्यालय कंचनपुरमा चार बुँदे सहमति भएको थियो ।

उक्त चार बुँदेसहमतिपत्रमा छानवीन समिति बनाइने र दोषीमाथि कानूनी कारबाही गरिने उल्लेख गरिएको छ । त्यस्तै,मृतक परिवारलाई नगरकार्यपालिकाले राहतस्वरूप पाँच लाख रुपैयाँ खातामा हालिदिने सहमति भएको थियो । तर,जटिल परिस्थितिलाई मत्थर बनाउने रणनीतिका साथ गरिएको सहमतिबाट पीडित परिवार अहिलेसम्म क्षतिपूर्ति पाउन सकेको छैन ।

पीडित परिवारलाई न्याय दिलाउने आश्वासन दिएका राजनीतिक दलसमेतले चासो नदेखाएपछि पीडितले न्याय पाउन सकिएन । कञ्चनपुर नगरपालिकाले लिखित सहमतिमा भनिएको बमोजिम पाँच लाख रुपैयाँ अहिलेसम्म पीडित परिवारले पाउन सकेको छैन । अस्पतालबाट शव परिवारले बुझ्न नमानेपछि काजकिरिया बापत ५१ हजार रुपैयाँ तत्काल उपलब्ध गराइएको भएपनि घटना ढाकछोप र सामसुम बनाउन मात्रै उक्त सहमति गरिएको हुन सक्ने स्थानीयहरु बताउँछन् ।

### प्रतिष्ठानप्रति राज्य उदासीन

रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माणप्रति राज्य उदासीनता देखिएका छन् । कछुवागतिमा प्रतिष्ठान निर्माण बढाएका सरकारबाट जिल्लावासी आशावादी छैनन् ।

राजविराज नगरपालिका-१० स्थित उक्त प्रतिष्ठान स्थापनाका लागि गुरुयोजना तयार पारेका सरकारको उदासीनताले प्रतिष्ठान निर्माण कार्यनै उपेक्षित भएको छ।बर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरेको यस प्रतिष्ठानको निर्माण कार्य पटकपटक ओझेलमा पर्दै आएको छ । स्थानीयहरु र सप्तरी युथ नेपाल नामक संस्थाको दबाबमूलक संघर्षका कारण सरकारले चासो देखाएपनि कहिलेसम्ममा सञ्चालनमा आउनेबारे जिल्लावासी अनभिज्ञ रहेका छन् ।

समयमै प्रतिष्ठान सञ्चालनमा आए सप्तरीमा भरपर्दो स्वास्थ्यसेवा उपलब्ध हुने देखिन्छ। यस प्रतिष्ठानबाट प्रदेशका अन्य जिल्ला लगायत छिमेकी राष्ट्र भारतको सीमावर्ती जिल्लाहरुका बिरामीहरु समेत सेवा लिनसक्ने आकलन भइरहेको छ । साढे साठी बिघा जग्गामा निर्माण हुने यो प्रतिष्ठानले सप्तरीको विकासमा मेरुदण्ड सावित हुने जानकारहरु बताउँछन् ।

# ‘भौतिक विकासले मात्रै समृद्ध नगरपालिका बन्न सक्दैन’

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २६ भदौ

अर्घाखाँची भूमिकास्थान नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगदीशचन्द्र नेपालीले समग्र नगरपालिकाको समृद्धिका साथै आर्थिक क्रान्तिका निम्ती नगरभित्र रहेका प्रत्येक नागरिक उत्पादन र बजारीकरणमा जोडिनुको विकल्प नभएको बताएका छन् । सरकारले युवाहरुलाई संरक्षण गर्न नसक्दा अहिले सरकारी नीति युवा मैत्री नभएको कारण पनि युवा बेरोजगारी बढेको अवस्थामा युवाहरुको विदेश पलायनलाई रोक्न भूमिकास्थान नगरपालिकाले कर्मशिल जनशक्ति परिचालन गरी नयाँ कार्यक्रम ल्याउँदा अहिले यो कार्यक्रम प्रभावकारी भएको उनको भनाइ छ । भूमिकास्थान नगरपालिकामा कर्मचारीहरुसँग भएको एक कार्यक्रमलाई सम्बोधन गर्दै नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नेपालीले भने, ‘भन्दा र सुन्दा सामान्य लागेपनि कर्मशिल जनशक्ति परिचालनले नगरपालिकाको बसाइ सराइँ समेत कम भएको नगरपालिकाले महशुस गरेको छ । यो कार्यक्रमले आयआर्जमा वृद्धि गरेको छ ।’

उनले सिमित स्रोत-साधनको अधिकतम उपयोग गरेर उत्पादन, रोजगार र समग्र विकासमा नगरपालिका अगाडि बढेको बताए । स्थानीय सरकारले युवामैत्री काम गर्छ भन्नेकुरा व्यवहारबाट देखिन्छ भन्दै नेपालीले नगरपालिकाले गरेका राम्रा काममा खुलेर सहयोग गर्न र सकारात्मक सुझाव दिन सेवाग्राहीलाई आग्रह समेत गरे ।

समृद्धिका संवाहक युवाहरुलाई विदेश पलायन हुन नदिने गरी स्थानीय सरकारले नीति ल्याउन लागेको बताउँदै उनले गलत नीतिकाविरुद्धमा सबैले आवाज बुलन्द गर्नुपर्ने बताए ।

KUWAIT मा रोजगार | कम्पनी: FUTURE SERVICES GENERAL TRADING & CONT CO W.L.L.
शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०३/०९ चलानी नं.: ६०२२१५०६ LT. No.: 306763 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bull Dozer Operator | 23 | 0 | सम्बन्धित काममा दक्ष | 200 | ८७,७४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Grader Operator | 6 | 0 | | 200 | ८७,७४६ | | | | | | | |
| 3. | Heavy Driver | 39 | 0 | | 150 | ६५,८१० | | | | | | | |
| 4. | Wheel Loader Operator | 18 | 0 | | 200 | ८७,७४६ | | | | | | | |

अन्तर्वार्ता भक्तपुर, सुर्यविनायक नगरपालिका, वडा नं.-१०, सल्लाघारी चौरमा २०८१ असोज ३, ४ र ५ गते (19, 20 & 21 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457
Mobile: 974-6491713/ URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390

UAE मा रोजगारको अवसर | कम्पनी : FIRST CREATIVE DECOR CONT.-A AND T.LLC - DUBAI BRANCH शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८१/०५/२६ चलानी नं.: ६०२२५१९४ LT. No.: 310643

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 14 | 0 | स. काममा दक्ष | 1200 | ४३,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०८१ असोज ३ गते (19 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालयः– अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029

साउदी र UAE मा रोजगार | कम्पनी : Mubarak Mohammed Mubarak Al Sharani Restaurant for Catering शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०५/२६ चलानी नं.: ६०२२५१९३ LT. No.: 310542

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 1 | 0 | | 1000 | ३५,७३० | | | | | | | |

कम्पनी : Al Rakn Al Nadir for Advertising Est. शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०५/२६ चलानी नं.: ६०२२५१९२ LT. No.: 310642

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food and Beverage Counter Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,८७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GULF FIRE VISION FAXING LLC शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०५/२६ चलानी नं.: ६०२२५१९१ LT. No.: 310615

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mechanichal Labour | 8 | 0 | स. काममा दक्ष | 1200 | ४२,८७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज ३ गते (19 September 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदी रु. १०,००० कामदारले UAE निःशुल्क |

